कृषि विकास मन्त्रालयको

# बुलेटिन

वर्ष १ अंक २ २०७२ कार्तिक कृषि मूलश्चः जीवनम् प्रथम चौमासिक

## कृषि सचिव नेतृत्व टोलीबाट अफासी कार्यक्रममा सहभागिता

अक्टोबर २०-२४, २०१५ सम्म थाइल्याण्डको बैंककमा आयोजित पान-एशिया प्रोजेक्ट (Pan-Asia Project) अन्तर्गत दक्षिण कोरियाको सहयोगमा संचालित अफासी (AFACI)को गोष्ठी सम्पन्न भयो । अफासीले दिगो कृषि विकासको लागि नेपालमा विभिन्न ११ वटा अनुसन्धानात्मक आयोजनाहरु संचालन गरी राखेको छ। जस अन्तर्गत ९ वटा नेपाल कृषि अनुसन्धान परिषद्, १ वटा खाद्य प्रविधि तथा गुण नियंत्रण विभाग र १ वटा कृषि विकास मन्त्रालयमा संचालित छ। उक्त गोष्ठीमा नेपालका तर्फबाट कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईज्यूको नेतृत्वमा ३ सदस्यीय टोलीको सहभागीता रहेको थियो। उक्त टोलीमा सोहि मन्त्रालयका वरिष्ठ तथ्यांक अधिकृत शिवनन्दन प्रसाद शाह र नार्कका तर्फबाट वरिष्ठ वैज्ञानिक डा.आनन्दकुमार गौतमको सहभागीता थियो। उक्त कार्यक्रमको मुख्य उद्देश्य सदस्य राष्ट्रहरु बीचमा सँगसँगै संचालनमा रहेका एटिन (ATIN) र एमीस (AMIS) आयोजनाको प्रसार कार्यक्रममा उच्च प्रभाव नतिजा अभिवृद्धि गर्नु तथा सोहि आयोजनामा सन् २०१४मा उत्कृष्ट घोषित प्रमुख अनुसन्धानकर्ताहरुलाई उत्कृष्ट कार्य सम्पन्न गरे बापत पुरस्कृत गर्नु रहेको थियो। यस गोष्ठीलाई कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईज्यूबाट अफासीको उपाध्यक्षको हैसियतले उद्घाटन समारोहमा सम्बोधन गर्दै सम्पूर्ण प्रमुख अनुसन्धानकर्तालाई उत्कृष्ट कार्य सम्पन्न गरे बापत बधाई ज्ञापन र पुरस्कार वितरण तथा अफासी आयोजनाले कृषि र दिगो विकासमा पुऱ्याएको




ATIN/AMIS को पुरस्कार वितरण समारोह

...बाँकी पृष्ठ ३ मा

## कृषि विकास रणनीति

नेपाल सरकारबाट २०७२ श्रावण १० मा स्वीकृत गरिएको कृषि विकास रणनीतिको प्रतिवेदन कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान संजालसंगको सहकार्यमा र एशियाली विकास बैंकले समन्वय गरेका १३ वटा विकास साझेदारहरुको सहयोगमा तयार पारिएको हो। रणनीति तर्जुमाका क्रममा कृषि विकास मन्त्रालयले व्यवस्थापिका संसद अन्तरगतको कृषि तथा जलश्रोत समिति, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरु, राष्ट्रिय किसान संजाल लगायतका अन्य सरोकारवाला निकायहरुबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई यथासंभव समावेश गरि उक्त प्रतिवेदनलाई अन्तिमरुप दिएको हो । यसरी तयार भएको कृषि विकास रणनीति मिति २०७२।०८।०४ गते कृषि विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षता एवं माननीय कृषि विकास मन्त्रीज्यूको प्रमुख आतिथ्यमा कृषि विकास रणनीति शुभारम्भ कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रममा माननीय सभापति, कृषि तथा जलश्रोत समिति, नेपाल सरकारका सचिवज्यूहरु, वरिष्ठ सरकारी अधिकारीहरु, नेपालस्थित संयुक्त राष्ट्र संघीय निकायका प्रमुख एवं प्रतिनिधिहरु, विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, राष्ट्रिय किसान सन्जालका प्रतिनिधिहरु, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

यस प्रतिवेदनले कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर १० वर्षे कार्ययोजना र मार्गचित्रसहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ । दिर्घकालीन कृषि योजना (सन १९९५-२०१५) को समाप्ति पश्चात आगामी २० वर्ष सम्म नेपालको समग्र कृषि क्षेत्रलाई दिशानिर्देश गर्न कृषि विकास रणनीतिको आवश्यकता परेको हो । यस रणनीतिलाई कृषि विकास मन्त्रालयले चालु आ.व. २०७२।७३ मा प्रारम्भिक र पूर्व तयारीका कार्यहरु सम्पन्न गरि आगामी आ.ब.२०७३।७४ को वार्षिक बजेट तथा कार्यक्रम मार्फत पूर्णरुपमा कार्यान्वयनमा लगिने छ।

"आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य संप्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास

...बाँकी पृष्ठ ४ मा

## यसभित्र


- सम्पादकीय २
- बीउ विजनको राष्ट्रिय सम्मेलन ३
- व्यवसायिक कृषि तथा व्यापार आयोजना... ३
- तृतीय चौमासिक तथा वार्षिक समीक्षा ४
- खडेरी र डुबान क्षेत्रमा हुने धान... ५
- कृषि सचिवसँग USAID Mission Director को भेटघाट ५
- व्यवसायिक कृषि तथा व्यापार... ६
- दुग्ध मूल्य श्रृंखला गोलमेच बैठक... ७
- कृषि विकास मन्त्रालयका सचिव... ८

# सम्पादकीय

## भूकम्पपछिको खाद्य सुरक्षा

कृषि विकास मन्त्रालयबाट दोश्रो कोशेलीको रुपमा पस्कने क्रममा श्रावणदेखि कार्तिकसम्म मन्त्रालयबाट संचालित कार्यक्रमहरुलाई समेट्दै यस सम्पादकीयमा भुकम्पपछिको खाद्य सुरक्षा अवसस्थालाई अलिकति नियाल्ने जमर्को गर्ने प्रयास गरिएको छ ।

नेपालमा विशेष गरी बैशाख १२, २०७२ को भूकम्प र तत्पश्चातका पराकम्पनहरुले मध्य, पश्चिम र पूर्वी पहाडी क्षेत्रहरुमा जीविकोपार्जन र खाद्य सुरक्षामा उल्लेख्य प्रभाव पर्‍यो । जसले गर्दा ति भुकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षामा निकै नै असर पारेको देखिन्छ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (नेक्स्याप) को विश्लेषणलाई हर्दा जेठ २०७२ देखि असार २०७२ सम्मको अवधिको तुलनामा यो अवधिमा भूकम्प प्रभावित जिल्लाहरुमा खाद्य सुरक्षा अवस्था सुध्रिएको जनाएको देखिन्छ । यस अवधिमा कुनै पनि गा.वि.सहरुलाई खाद्य असुरक्षाका दृष्टिकोणले गंभीर खाद्य असुरक्षित चरण अवस्थामा वर्गिकरण गरेको देखिदैन । तापनि ९ (नौं) जिल्लाका १२० गा.वि.स हरुलाई उच्चतम् (चरण ३) खाद्य असुरक्षित चरणमा वर्गिकरण गर्दै करिब ६०,००० घरधुरीहरुका अनुमानित २६०,००० मानिसहरु प्रभावित भएको देखिन्छ । जसमा भुकम्प प्रभावित जिल्लाहरु सिन्धुपाल्चोक (३३), गोरखा (२०), नुवाकोट (१३), रामेछाप (१२), दोलखा (११) र रसुवा (२) गरी जम्मा ६ वटा जिल्लाहरु छन भने भुकम्प प्रभावित जिल्लाहरु भन्दा बाहेकका जिल्लाहरुमा सुदुरपश्चिमको बाजुरा (१०), कर्णालीका मुगु (१२) र डोल्पा (७) गरी जम्मा ३ वटा जिल्लाहरु रहेका छन । खाद्य असुरक्षाको अवस्थालाई महाभूकम्पको प्रभाव, मकै, धान र कोदो जस्ता बर्षे बालीहरुको उत्पादनमा आएको ह्रास, बजार मूल्यमा बढोत्तरी र वर्तमान इन्धन संकटको असरहरुसँग जोडेर विश्लेषण गरेको देखिन्छ । माथिको तथ्यांकलाई हेर्दा उच्चतम खाद्य असुरक्षितमा वर्गीकृत हुने गाविसहरुको सबभन्दा ठूलो संख्या सिन्धुपाल्चोक जिल्लामा देखिन्छ भने कम चाहि रसुवामा देखिन्छ । यसको मुख्य कारण बैशाख २०७२ को महाभूकम्प, मकै (२०%), धान (२२%) र कोदो (१०%) को उत्पादनमा आएको ह्रास र साथै पशुपालनको उत्पादन समेत १६% ले घट्नुलाई आधार मानेर विश्लेषण गरेको देखिन्छ । यसको साथै क्रमिक रुपमा यस जिल्लामा खाद्य वस्तुको बजार मूल्यमा ८०% को वृद्वि र विप्रेषण प्रवाहमा आएको २०% को ह्रासले अवस्था झन् झन् विग्रेर गएको तथ्यांकले देखाउँछ । फलस्वरुप भूकम्प प्रभावित् जिल्लाहरुमा ४८,६०० घरधुरीका लगभग २०४,४०० मानिसहरु गंभिर खाद्य असुरक्षित अवस्थामा रहेको देखिन्छ ।

खाद्य सुरक्षाको दृष्टिले भुकम्प प्रभावित जिल्ला बाहेक सूदुरपश्चिम विकास क्षेत्रको बाजुरामा ७,४०० घरधुरीबाट लगभग ३२,८०० मानिसहरु प्रभावित भई खाद्य असुरक्षित् अवस्थामा रहेको विश्लेषणले देखाएको छ । यो प्रतिकूल अवस्था आउनुमा मकै र कोदो (५०%) र धान (१३%) को उत्पादनमा आएको ह्रास र रोजगारीका अवसरहरुमा आएको ३० % को कमीका कारणले भएको देखिन्छ । साथै बर्षे बालीहरुमा देखिएको उत्पादन ह्रासका कारणले कर्णालीका मुगु जिल्लाका १२ गाविस र डोल्पा जिल्लाका ७ गाविसहरुलाई चरण ३ को खाद्य असुरक्षित् अवस्थामा वर्गीकरण गरेर ४,००० घरधुरीका २२,८०० मानिसहरु यस अवस्थाबाट प्रभावित हुन पुगेको विश्लेषणबाट देखिन्छ । यसका अतिरिक्त १७ जिल्लाका थप २९८ गा.वि.सहरुलाई मध्यमस्तरीय खाद्य असुरक्षित चरण (चरण २) मा वर्गीकरण गरेको देखिन्छ भने मुलुकको बाँकी भागलाई न्यूनतम खाद्य असुरक्षित चरण (चरण १) मा वर्गीकरण गरेको देखिन्छ ।

तसर्थ माथि उल्लेखित अवस्थालाई सम्बोधन गर्न सामुदायिक बीउ भण्डारण, अनुदानमा गाई, औजार तथा उपकरण वितरण, रासायनिक तथा प्रांगारिक मल, उन्नत बीउ बिजन तथा विरुवा तिवरण भकारो सुधार आदि लगायतका कृषि विकासका कार्यक्रमहरु संचालनमा रहेको अवस्था छ । यी कार्यक्रमहरुले ती भुकम्प प्रभावित जिल्लाहरुमा कति राहत पुर्‍याउछ त्यो मुल्यांकनको विषय भने बाँकी नै छ तापनि यी कार्यक्रमले कही हदसम्म भने पनि भुकम्पले थिलथिलो पारेका कृषकहरुलाई अवश्य पनि केही राहत होला कि ।

अन्तमा हाम्रो यो दोश्रो प्रयास भएकोले बुलेटिनमा केही कमी कमजोरीहरु हुन सक्छन, सुधारका थुप्रै ठाँउहरु हुन सक्छन् । त्यसैले यस बुलेटिनलाई थप पुरस्कृत एंव उपयोगी बनाउन पाठक वर्गबाट रचनात्मक सुझावको अपेक्षा राखेका छौं ।

## कृषि सचिव...



**थाइल्याण्डमा कृषि मौसम स्टेशनको अवलोकन गर्दै कृषि सचिव**

योगदानका मुख्य बुँदाहरु सम्बन्धी विचार व्यक्त गर्नु भएको थियो ।

दोश्रो दिनको शुरुमा अघिल्लो दिनको कार्यक्रमको उपलब्धि सम्बन्धी समीक्षा गरी लगत्तै कृषि विभाग, थाइल्याण्डका महानिर्देशक सोम्चाई चारारोंगकुलले स्वागत मन्तव्य दिनुभएको थियो । सोहि दिन अफासिका उपाध्यक्ष एवं NICS,RDA का महानिर्देशकले सम्पूर्ण प्रतिनिधिहरुलाई बधाई ज्ञापन गर्नु भएको थियो साथै डा.प्रापित वूंगटाएम र डा. चो यांघीले पनि आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भयो ।



**थाइल्याण्डमा कृषि उत्पादनको अवलोकन गर्दै कृषि सचिव**

एटिन र अफासी (ATIN/AFACI) का प्रमुख अनुसंधानकर्ता शिवनन्दनप्रसाद शाहले आयोजनाको प्रगति, उपलव्धि र सफलताको कथाका बारेमा छोटो प्रस्तुति दिनु भयो र डा.आनन्दकुमार गौतमले तेश्रो वर्षमा चलिरहेको AMIS को प्रगति बारेमा प्रकाश पार्नु भयो ।


तेश्रो र चौथो दिन विभिन्न कृषि तथा जलवायुसँग सम्बन्धित स्थानहरुको अध्ययन भ्रमण पुरा गरी पाँच दिने गोष्ठी विधिवत रुपमा समापन भएको थियो ।

# बीउ बिजनको राष्ट्रिय सम्मेलन सम्पन्न

"कृषि उत्पादकत्वमा बृद्धि, आर्थिक उन्नति र खाद्य सुरक्षाका लागि बीउ" भन्ने मूल नाराका साथ कृषि विकास मन्त्रालयले, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेदार संस्थाहरूको सहयोगमा, २०७२ साल भाद्र २८ र २९ गते र्‍याडिसन होटेल, काठमाण्डौमा बीउ बिजनको राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न भएको थियो । उक्त सम्मेलनको मूल उद्देश्य नेपालमा बीउ बिजन क्षेत्रको विकासको लागि तर्जुमा गरिएको बीउ बिजनको दीर्घकालिन राष्ट्रिय सोच (२०१३-२०२५) को प्रभावकारी कार्यान्वयनको लागि सामूहिक भूमिका र जिम्मेवारीको साझा रणनीति पहिचान गर्नु रहेको थियो । सम्मेलनमा बीउ बिजनको क्षेत्रमा संलग्न बिभिन्न क्षेत्रका स्वदेशी र विदेशी गरी २०० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

दुई दिनसम्म चलेको उक्त सम्मेलनको सम्पूर्ण कार्यक्रमलाई उद्‌घाटन सत्र, प्राविधिक सत्र, र समापन सत्र गरी तीन भागमा बिभाजन गरिएको थियो । सम्मेलनको उद्‌घाटन तत्कालीन माननीय उपप्रधानमन्त्री, गृहमन्त्री तथा कृषि विकास मन्त्री श्री बामदेव गौतमले गर्नु भएको थियो । उद्‌घाटन मन्तव्यको क्रममा माननीय मन्त्रीज्यूले कृषि उत्पादन बृद्धिमा बीउको महत्व, बीउको गुणस्तर कायम राख्न बिगतदेखि गरिएका प्रयासहरु र कृषि विकास रणनीति लगायतका नीतिगत दस्तावेजहरूमा बीउ बिजनलाई उच्च प्राथमिकतामा राखिएको विषयमा प्रकाश पार्नु भएको थियो । उद्‌घाटन सत्रमा बोल्दै बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख श्री धर्मदत्त बराल, राष्ट्रिय किसान सञ्जालका श्री चित्र बहादुर श्रेष्ठ, अमेरिकी सहयोग नियोगका मिशन डाइरेक्टर डा. बेथ डनफोर्ड, तथा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. भारतेन्दु मिश्राले बीउ बिजन क्षेत्रका विविध विषयमा चर्चा गर्नु भएको थियो । उद्‌घाटन सत्रको अन्त्यमा सभापतित्व गर्नु भएका कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले बीउ बिजन क्षेत्रको विकासको लागि सरकारी तथा निजी दुवै क्षेत्रले मिलेर काम गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो ।

जम्मा पाँच भागमा बिभाजन गरिएको प्राविधिक सत्रमा आफ्नो क्षेत्रमा विज्ञता हासिल गरेका नेपाल, भारत, एशिया र प्रशान्त क्षेत्रीय बीउ बिजन संगठन, तथा अन्तरराष्ट्रिय खाद्य नीति अनुसन्धान संस्थामा आवद्ध व्यक्तिहरूबाट बीउ बिजनसंग सम्बन्धित बिभिन्न विधामा सातवटा कार्यपत्र प्रस्तुत गरिएका थिए । बीउ बिजन क्षेत्रसंग सम्बन्धित नीति तथा कार्यक्रम; नेपाल, भारत र एशिया तथा प्रशान्त क्षेत्रमा बीउ बिजन उद्योगको विकाससंग सम्बन्धित अनुभव आदानप्रदान एवम् बीउ बिजन क्षेत्रका समस्या र समाधानका उपायहरू प्रस्तुतिमा समेटिएका थिए । प्राविधिक सत्रको अन्त्यमा उपस्थित सम्पूर्ण सहभागीहरू चार




**माननीय उपप्रधानमन्त्री, गृह तथा कृषि विकास मन्त्री वक्तव्य दिँदै**

समूहमा बिभाजन भै उक्त सत्रमा पेश भएको कार्य योजना विकास प्रक्रियामा आधारित रहेर निकालिएको छलफलको निचोड कृषि विकास मन्त्रालयका सह-सचिव डा. राजेन्द्र प्रसाद अधिकारीले समापन सत्रमा प्रस्तुत गर्नु भएको थियो ।

समापन सत्रमा बोल्ने एसियाली विकास बैंकका कन्ट्रि डाइरेक्टर डा. केनिचि योकोयामा, अर्थ मन्त्रालयका सह-सचिव श्री मधु मरासिनी, बीउ विषेशज्ञ श्री कमलेशलता राजभण्डारी, कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराई तथा राष्ट्रिय योजना आयोगका सदस्य डा. भारतेन्दु मिश्राले बीउ बिजन क्षेत्रका सबै विज्ञहरूलाई एक ठाउँमा भेला गराई साझा अवधारणाको विकास गर्ने काम भएकोमा खुसी व्यक्त गर्दै यस क्षेत्रको विकासका लागि आ-आफ्नो स्थानबाट सक्दो सहयोग गर्ने वचनवद्धता व्यक्त गर्नु भयो । बीउ बिजनको दीर्घकालिन राष्ट्रिय सोच (२०१३-२०२५) मा आधारित रहेर सम्मेलनमा पेश भएको बीउ बिजन क्षेत्रको कार्य योजना विकास प्रक्रियालाई दुई दिनसम्म भएका प्रस्तुति, छलफल एवम् अनुभव आदान प्रदानका आधारमा परिमार्जन गरी आगामी दिनमा कार्यव्यवहारमा रुपान्तरण गर्ने प्रतिवद्धता व्यक्त गर्दै सम्मेलनको समापन गरियो ।

## व्यवसायिक कृषि तथा व्यापार आयोजनामा छलफल कार्यक्रम

कृषि विकास मन्त्रालयका तीन विभागहरु खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, कृषि विभाग र पशुसेवा विभागलाई व्यवसायिक कृषि तथा व्यापार आयोजनाले उपलब्ध गराउँदै आएको सहयोगलाई थप प्रभावकारी पार्ने उपायबारे पनि छलफल गर्न बिहीबार महाराजगञ्जस्थित आयोजनाको सभाकक्षमा आयोजित कार्यक्रममा कार्यक्रममा नेपालमा उत्पादित खाद्य वस्तुहरुको गुणस्तर कसरी कायम गर्न सकिन्छ भन्नेबारे पनि छलफल भएको थियो । छलफलका सहभागीहरुले नेपालमा उत्पादित बंगुरको मासु भारत तथा चीनको तिब्बतसम्म निर्यात गर्न सकिने तर यसका लागि खाद्य स्वच्छता तथा गुणस्तर कायम हुनुपर्ने बताए । छलफलमा मन्त्रालयसहित तीनवटै विभागको प्रतिनिधित्व रहेको थियो । आयोजनाले विभागहरुलाई कृषि वस्तुको स्वच्छता कायम गर्ने सुविधा एवं खाद्य गुणस्तर व्यवस्थापनमा सहयोग गर्दैआएको छ । यसबाट नेपाली कृषि वस्तुको स्वदेशी तथा विदेशी बजारमा पहुँच विस्तार हुने अपेक्षा गरिएको छ ।



**कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईसहित अन्य सहभागी महानुभावहरु ।**

# तृतीय चौमासिक तथा बार्षिक समीक्षा गोष्ठी सम्पन्न

कृषि विकासका लागि नेपाल सरकारले आ ब २०७१/७२ मा कुल बजेटको ३.७६ प्रतिशत वा २३ अरब २८ करोड ३१ लाख ७८ हजार रुपियाँ छुट्याएको थियो । जुन गत आ ब को तुलनामा कृषि क्षेत्रको ८.८ प्रतिशतले बृद्धि हो । त्यसै गरी यस बजेटमा नेपाल सरकारको ७३ प्रतिशत र वैदेशिक सहयोग २७ प्रतिशत मात्र छ । वैदेशिक सहोगमा पनि २३ प्रतिशत अनुदान हो भने ४ प्रतिशत ऋण हो । कृषिमा लगानीको प्रतिफल कस्तो रहयो आ ब २०७१।७२ मा भनेर तृतीय चौमासिक तथा बार्षिक समीक्षा विभिन्न चरण र स्तरमा गरिएको थियो । आ.ब. २०७१।७२ को स्वीकृत बार्षिक कार्यकम अनुसार क्षेत्रीय स्तर, विभाग स्तर र मन्त्रालय स्तरमा समेत समीक्षा गरिएको थियो ।

यसै सिलसिलामा क्षेत्रीय स्तर समीक्षा पुर्वाञ्चल विकास क्षेत्रको विराटनगरमा मिति २०७२ श्रावण २० - २२ गतेमा, मध्यमाञ्चलको काठमाण्डौमा मिति २०७२ श्रावण १७ - १९ गतेमा पश्चिमाञ्चलको पोखरामा मिति २०७२ श्रवाण १७ देखि १९ गतेसम्ममा मध्यपश्चिमाञ्चलको सुर्खेतमा मिति २०७२ श्रावण २० - २२ गतेमा र सुदुरपश्चिमाञ्चलको धनगढीमा मिति.२०७२ श्रावण १४ देखि १५ गतेसम्ममा सम्पन्न भएको थियो । त्यस्तै गरी कृषि विभाग, पशुसेवा विभाग, र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको पनि विभाग स्तरमा समीक्षा गरिएको थियो । मन्त्रालय स्तरमा वैदेशिक आयोजनाहरु र वोर्ड संस्थान परिषदहरुको छुट्टै समीक्षा गरिएको थियो । जसमा वैदेशिक आयोजनामा १५ वटा आयोजनाहरुको समीक्षा गरिएको थियो जसमा १३ वटा रातो किताबमा रहेका आयोजनाहरु र २ वटा रातो किताबमा नरहेका आयोजनाहरुको समीक्षा गरिएको थियो । समग्र आयोजनाहरु भारित र वितिय प्रगति क्रमशः ४७.२ र ७१.९ प्रतिशत प्रगति भएको थियो ।



**माननीय कृषि मन्त्री हरिबोल प्रसाद गजुरेल समिक्षा गोष्ठीमा निर्देशन दिँदै**

तसर्थ कृषि विकास मन्त्रालयको समग्र प्रगतिलाई हेर्दा आ ब २०७१।७२ को भारित र वितिय क्रमशः ८७.७९ र ७९.३७ प्रतिशत प्रगति हासिल भएको छ ।

## कृषि विकास रणनीति...

रणनीतिको दूरदृष्टि रहेको छ । सुशासन, उच्च उत्पादकत्व, नाफामुखी व्यवसायीकरण र प्रतिस्पर्धा बृद्धि कृषि विकास रणनीतिका चार प्रमुख संभाग (Components) हरु रहेका छन । कृषि विकास रणनीति अन्तरगत मुख्यगरी फ्ल्यागसिप कार्यक्रम, आधार कार्यक्रम र अन्य कार्यक्रम गरि तीन प्रकारका कार्यक्रमहरु उल्लेखित छन् । जसमध्ये फ्ल्यागसिप कार्यक्रम अन्तरगत (क) खाद्य तथा पोषण सुरक्षा कार्यक्रम (ख) विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम (ग) मूल्य श्रृंखला विकास कार्यक्रम र (घ) नव प्रवर्तन तथा कृषि-उद्यमशिलता कार्यक्रमहरु पर्दछन ।

कृषि विकास रणनीतिले निर्दिष्ट गरेका कार्यक्रमहरु कार्यान्वयन गर्न वित्तिय सुनिश्चितताको लागि एडीएस कार्यान्वयन सहायता कोष (ATF) को व्यवस्था गरिएको छ । साथै कार्यान्वयनमा सुधार ल्याउनका लागि एडीएसले केही नयाँ संयन्त्रहरूको प्रस्ताव गरेको छ । नयाँ संयन्त्रहरू विद्यमान संयन्त्रहरूकै जगमा निर्माण भएका छन् र तिनले कृषि विकास रणनीतिको समन्वयात्मक कार्यान्वयनलाई सहयोग गर्नेछन् र सुदृढ बनाउने छन् । नयाँ संयन्त्रहरूमा १. माननिय कृषि विकास मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय एडीएस कार्यान्वयन समिति (NADSIC) २. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा राष्ट्रिय एडीएस समन्वय समिति (NADSCC) ३. एडीएस कार्यान्वयन सहायता इकाई (ADSISU) ४. एडीएस कार्यान्वयन सहायता कोष (ATF) ५. किसान आयोग (Farmer's Commission) आदि रहेका छन् । कृषि विकास रणनीतिलाई कार्यान्वयन गर्न आगामी दश वर्षको लागि अनुमानित कुल बजेट रु. ५०१.८ अर्व प्रक्षेपण गरिएको छ, जसमध्ये कुल बजेटको करिब ८९ प्रतिशत सरकार/ विकास साझेदारहरूको तर्फबाट लगानी हुनेछ भने बाकी करिब ११ प्रतिशत रकम निजी/सामुदायिक क्षेत्रबाट लगानी हुनेछ ।

कार्यान्वयनका क्रममा कृषि विकास रणनीतिको सोच अनुरूपको प्रगति अनुगमन गर्नका लागि विभिन्न रणनीतिक महत्वका सूचक तथा लक्ष्यहरू निर्धारण गरिएको छ जस मध्ये केहि प्रमुख लक्ष्यहरुमा वर्षैभरि ८० प्रतिशत भूभागमा सिंचाई हुने, जङ्गलले ढाकेको क्षेत्रफल ४० प्रतिशत कायम रहने, कूल गार्हस्थ उत्पादनमा कृषि व्यापारको हिस्सा २० प्रतिशत पुग्ने, अतिरिक्त कृषि व्यापार ६९० मिलियन अमेरिकी डलर पुग्ने, कृषि कार्यक्रमको पहुँच भित्रका कृषक ३० प्रतिशत पुग्ने, कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनको औसत वृद्धिदर ६ प्रतिशत हुने, ग्रामीण क्षेत्रहरूमा गरीबी १० प्रतिशतमा झर्ने, खाद्यान्नमा आत्मनिर्भरता कायम भई ५ प्रतिशत अतिरिक्त निर्यात व्यापार हुने आदी लक्ष्यहरु निर्धारण गरिएको छ ।

कृषि तथा जलश्रोत समिति लगायत प्रमुख सरोकारवालाहरु वीच रणनीति कार्यान्वयनको आवधिक समिक्षा गर्ने व्यवस्था गरिएको एडीएस एक जीवन्त रणनीति हो । नियमित अनुगमन, आवधिक समीक्षा तथा मूल्यांकनमार्फत् एडीएसका विविध पक्षहरूको निरन्तर प्रगति र सुधार हुनेछ । एडीएसको कार्यान्वयन पश्चात यसका उपलब्धि र सिकाइका सम्बन्धमा सरोकारवाला निकायहरुको समन्वयमा हरेक पाँच वर्षमा समीक्षा र मुल्यांकन गरी अद्यावधिक गरिने छ । साथै नया संविधान जारी भए पश्चात वन्ने संरचना अनुकुल हुने गरी कृषि विकास रणनीतिलाई परिमार्जन गरिने छ । कृषि विकास रणनीतिको सम्बन्धमा थप जानकारी कृषि विकास मन्त्रालयको Website: www.moad.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा अनुरोध गरिन्छ ।

# खडेरी र डुबान क्षेत्रमा हुने धान उत्पादन सम्बन्धि कार्यशाला गोष्ठी




आमेरिकी विकास नियोग (USAID) को आर्थिक सहयोगमा अन्तराष्ट्रिय धान अनुसन्धान संस्था (IRRI) ले १६ सेप्टेम्बर २०१५ का दिन अन्नपुर्णा होटेल, दरबारमार्ग, काठमांडौमा नेपाल र कम्बोडियामा संचालित खडेरि तथा डुवान क्षेत्रका लागि सिफारिस गरिएका धानका जातहरु साना किसान कहाँ छिटो छरितो तरिकाबाट पुर्याइ धानका उत्पादन उत्पादकत्व बढाउने विषयमा एकदिने कार्यशालाको गोष्ठीको आयोजना गरेको थियो ।

उक्त गोष्ठीको प्रमुख अतिथि कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराई हुनुहुन्थ्यो । उक्त कार्यशाला गोष्ठीमा उपस्थित ११० जना सहभागिहरुलाई स्वागत गर्दै कृषि विभागका महा निर्देशक डा. युबक ध्वज जि सी ले इरिले २५२ मे.टन सुखा धान १ देखि ६ र डुवान सहन सक्ने साभा मसुरि सव १ पशिचमान्चल, मध्यपशिचमान्चल र सुदुरपशिचमाञ्चलमा २० र पूर्वान्चलका दुई जिल्लाहरु झापा र मोरङमा वितरण गरेको सराहना गर्नुभयो । इरिका मुख्य वैज्ञानिक तथा आयोजनाका प्रमुख डा. एब्देल वागिएस्मेल्ले खडेरी तथा डुवान सहन सक्ने गुणस्तरिय धानका जातको विउ उत्पादन तथा वितरण गरि खाद्य सुरक्षाका लागि धान उत्पादन बढाउन सकिने कुरा बताउनुभयो ।

अमेरिका विकास नियोग वसिङ्टनवाट आउनुभएकी डाफेथबार्ज्ले अमेरिकाका राष्ट्रपतिको खाद्य सुरक्षाको सुरुवात अन्तर्गत यो आयोजनालाई सहयोग गरेको बताउनुभयो । अमेरीका विकास नियोग काठमांडौका नबिन हाडाले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको विचमा समन्वय कायम गरि कार्यक्रमले धानको उत्पादनमा सहयोग गर्ने विश्वास गर्नु भयो । इरिको भारत तथा नेपालको लागि प्रतिनिधि डा. उमाशंखसिङ र इरि नेपालका वरिष्ठ वैज्ञानिक डा. भवप्रसाद त्रिपाठीले यस कार्यक्रम सम्बन्धमा भूमिका निभाउनु भएको थियो ।

## कृषि सचिवसँग USAID Mission Director को भेटघाट कार्यक्रम

कृषि विकास मन्त्रालयका सचिव उत्तम कुमार भट्टराईसँग (अमेरिकी सहयोग नियोग (USAID) का Mission Director Ms. Beth Dunford को मिति २०७२।०४।१३ गते) कृषि विकास मन्त्रालयमा भेटघाट सम्पन्न भयो । सो अवसरमा कृषि विकास मन्त्रालयबका सह सचिव डा. राजेन्द्र प्रसाद अधिकारी तथा वरिष्ठ कृषि अर्थविज्ञ विनोद कुमार भट्टराई तथा USAID वाट नवीन हाडाको समेत सहभागिता रहेको थियो । भेटघाटको मुख्य एजेण्डा आपसी सद्भावका साथै USAID वाट कृषि क्षेत्रमा संचालित आयोजनाहरु तथा प्रस्तावित आयोजना एवं कार्यक्रमबारे जानकारी गराउने र मन्त्रालयको तर्फवाट सहमति समेत लिने भन्ने रहेको थियो । हालमा USAID बाट संचालित आयोजनाहरुमा किसान, सवल, पहल, Policy Reform Initiative - IFPRI, IPM, CSISA, Peace Corps Volunteers आदि रहेकोमा यी कार्यक्रमहरुको संचालन अवस्थाबारे छलफल हुँदा मुख्यत USAID Supported आयोजनाहरु सिधै संचालन हुने भएकाले केन्द्रीय तहमा समेत समन्वय नभएकोले यिनीहरुलाई व्यवस्थित वनाई दिशानिर्देश गर्न कृषि विकास मन्त्रालयका सचिवको अध्यक्षतामा निर्देशन समिति वनाउने सहमति भएको थियो भने अव आउने आयोजनाहरु जस्तै Feed the Future, Nepal Seed and Fertilizer Sectors Development Project को लागि रातो किताव मार्फत आउनु पर्ने भन्ने श्रीमान् सचिवज्यूको आग्रहमा USAID का तर्फवाट त्यसको लागि Policy परिवर्तन गर्नु पर्ने र US Congress ले अनुमोदन गर्नु पर्ने भएकाले १२-१८ महिना सम्म लाग्ने जनाकारी गराइको थियो र त्यस प्रकृयामा अगाडी वढ्न समेत श्रीमान् सचिवज्यूवाट अनुरोध भएकोमा तत्काल कार्य वढाइने जानकारी प्राप्त भएको छ ।

# व्यवसायिक कृषि तथा व्यापार आयोजनाका पाँच अनुदानग्राही पुरस्कृत

व्यवसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) को पूरक अनुदानमा सञ्चालित उपआयोजनाहरु सफल रुपमा सम्पन्न गर्ने पाँच अनुदानग्राहीहरुलाई सरकारले पुरस्कृत गरेको छ। पैंतीसौं विश्व खाद्य दिवसको अवसरमा मंगलबार राजधानीमा आयोजित कार्यक्रममा कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेलले खाद्य सुरक्षाका क्षेत्रमा विशिष्ठ योगदान गर्ने कर्मचारी,किसान तथा कृषि व्यवसायी गरी विभिन्न २८ विधामा पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत गर्नुभएको थियो।

चितवनको न्यू श्रीराम बीजवृद्धि मल्टोपर्पोज कम्पनी प्रा.लि.ले नीजि क्षेत्रबाट बीउविजन उत्पादन तथा वितरणमा योगदान गरे बापत कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट प्रथम पुरस्कार प्राप्त गरेको छ। कम्पनीले प्याक्टको पहिलो आह्वान अन्तर्गत व्यवसायिक बीउ उत्पादन तथा बजारीकरण उपआयोजना सफल रुपमा सम्पन्न गरेको थियो। यसैगरी प्याक्टकै दोस्रो आह्वान अन्तर्गत व्यवसायिक तरकारी उत्पादन तथा बजारीकरण उपआयोजना सम्पन्न गर्ने पाल्याको मदनपोखरा बहुउद्देश्यीय कृषि बजार सहकारी संस्था लिमिटेडलाई कृषि उपज संकलन केन्द्र तथा बजार व्यवस्थापनका लागि देशरभरिकै उत्कृष्ठ संस्था ठहर गरी कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट प्रथम पुरस्कार प्रदान गरिएको थियो।

बारा सपहीका किसान शंकर मैनालीलाई व्यवसायिक बाख्रापालन गरी खाद्य सुरक्षामा योगदान गरे बापत पहिलो पुरस्कार प्रदान गरियो। उहाँले एकीकृत पशु विकास फार्म मार्फत बाख्रापालन गर्दै आउनुभएको छ। उहाँले पनि प्याक्टको दोस्रो आह्वान अन्तर्गत व्यवसायिक बाख्रापालन उपआयोजना सम्पन्न गर्नुभएको थियो। मैनालीलाई कृषि विकास मन्त्रालय अन्तर्गतका पशुपंक्षी बजार प्रवर्द्धन निर्देशनालय, पशु उत्पादन निर्देशनालय तथा राष्ट्रिय चरन तथा पशु आहार केन्द्रले संयुक्त रुपमा पुरस्कार प्रदान गरेका हुन्।

प्याक्टको दोस्रो आह्वान अन्तर्गत माछाका भुरा उत्पादन उपआयोजना सम्पन्न गर्ने दाङ लमहीका शरद गौतमलाई कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट दोस्रो पुरस्कार प्रदान गरिएको थियो भने सोही आह्वान अन्तर्गत व्यवसायिक बीउ उत्पादन तथा भण्डारण उपआयोजना सफल रुपमा सम्पन्न गर्ने बर्दियाको पदनाहास्थित बुढान कृषक बहुमूखी सहकारी संस्थालाई अन्न भण्डारणलाई व्यवस्थित गरी खाद्य सुरक्षामा योगदान गरे वापत कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयबाट तृतीय पुरस्कारबाट सम्मान गरिएको थियो। पहिलो पुरस्कार १० हजार रुपैयाँ, दोस्रो पुरस्कार ८ हजार र तेस्रो पुरस्कार राशी ६ हजार रुपैयाँको छ भने प्रमाणपत्र पनि प्रदान गरिएको थियो।

आफ्ना अनुदानग्राही पुरस्कृत भएबाट आयोजनाको प्रभावकारिता प्रस्ट हुने आयोजनाले जनाएको छ। यसबाट प्याक्टका उप-आयोजनाहरुको दिगोपन झल्किने छ।

कार्यक्रमलाई मन्त्रीसहित मन्त्रालयका सचिव उत्तमकुमार भट्टराई विश्व खाद्य तथा कृषि संगठनका प्रतिनिधि डा. सोमस्क पिपोपिन्यो तथा कृषि विभागका महानिर्देशक युवकध्वज जीसी तथा सहभागी किसानका प्रतिनिधिलगायतले सम्बोधन गर्नुभएको थियो।




**बारा सपहीका बाख्रापालक कृषकलाई पुरस्कार प्रदान गर्दै कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेल।**



**बर्दियाको पदनाहास्थित बुढान कृषक बहुमूखी कृषि सहकारी संस्थालाई पुरस्कृत गर्दै कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेल।**



**लमही, दाङमा माछाका भुरा उत्पादन गर्ने कृषकलाई पुरस्कृत गर्दै कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेल।**

# दुध मूल्य शृंखला गोलमेच बैठक

## मिल्कहोलि डे सम्बन्धी छलफल










कृषि सचिव श्री उत्तमकुमार भट्टराईको उपस्थितिमा मिल्क होलिडे सम्बन्धी छलफलका केही झलकहरु

व्यवसायिक कृषि तथा व्यापार आयोजना तथा पशु सेवा विभागले भदौ २३ र २४ नगरकोटमा आयोजना गरेको दुग्ध मुल्य शृंखला गोलमेच बैठकमा सरोकारवालाहरुले मिल्कहोलि डे अन्त्यका लागि आ-आफ्ना क्षेत्रबाट योगदान गर्ने प्रतिवद्धता व्यक्त गरे ।

बैठकको उद्घाटन सत्रको अध्यक्षता गर्दै कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईले मिल्क होलिडो हुने अवस्था आउनु दुखको विषय भएको बताउनुभयो । उहाँले मिल्क होलीडे हुन नदिन भारतमा दुध निर्यात गर्न अनुदानकालागि मन्त्रि परिषदमा प्रस्ताव लगिएको पनि बताउनुभयो । चीनको तिब्बत पनि नेपाली दुधको सम्भाव्य बजार रहेको उहाँको विचार थियो । उहाँले चितवन डेरी सञ्चालनमा ल्याउने गृहकार्य भइरहेको बताउनुभयो ।

पशुसेवा विभागका महानिर्देशक डा. केशव प्रसाद प्रेमीको अध्यक्षतामा सम्पन्न दोस्रो सत्रमा दाना उद्योग, उत्पादक, प्रशोधक, उद्योगपति तथा व्यापारीहरुबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्र प्रस्तुति पछि सहभागीहरु ४ समुहमा विभाजन भई छलफल गरेका थिए । छलफलका निष्कर्षलाई कार्यान्वयनमा ल्याउन सबै पक्ष सहमत भएका थिए ।

सबै सरोकारवाहरुले चितवन डेरी सञ्चालनमा जोड दिएका थिए । उक्त डेरीले दुधको पाउडर उत्पादन रोकेपछि बजारमा दुध बढी भएको हो ।

नेपालमा उत्पादित दुधको खपत नबढाए मिल्क होलिडे आइपर्ने सम्वद्ध सरोकारवालाहरुले बताएका छन् । उत्पादक, नियमन निकाय, सरकारी तथा निजी दुग्ध व्यवसायी तथा प्राविधिकहरको सहभागिता रहेको कार्यक्रममा यस्तो विचार व्यक्त गरिएको हो ।

दोस्रो दिन कृषि विकास मन्त्रालयका सह-सचिव उदयचन्द्र ठाकुरको अध्यक्षतामा दुग्ध उपक्षेत्रमा नीतिगत मुद्दा तथा विकल्पहरु विषयक सरोकारवालाहरुको परामर्श बैठक आयोजना गरिएको थियो । बैठक दुधको खपत बढाई मिल्कहोलिडे रोक्ने उपायमा केन्द्रीत रह्यो । यस सत्रमा नेपाल दुग्ध विकास बोर्डबाट नीतिगत कार्यपत्र र राष्ट्रिय कृषि अनुसन्धान परिषद्बाट प्रविधि विकास सम्बन्धमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

बैठकको अध्यक्षता गर्नु भएका ठाकुरले बैठकमा प्रस्तुत भएका कार्यपत्र तथा छलफलबाट आएका सुझावहरु आ-आफ्ना क्षेत्रबाट कार्यान्वयन गर्नु पर्ने विचार व्यक्त गर्नुभयो । यसका लागि मन्त्रालय सधैं सहयोग गर्न तयार रहेको उहाँले बताउनुभयो । दुध उत्पादनमा साना कृषकको भूमिका महत्वपूर्ण रहेकाले उनीहरुलाई समेट्न उहाँले आग्रह गर्नुभयो ।

बैठकमा व्यवसायिक कृषि तथा व्यापार आयोजनाका निर्देशक डा.इन्द्रकान्त झाले दुधको उत्पादन, दुधको खपतमा आएको कमी, बजार व्यवस्थापनको समस्या र त्यसको समाधान खोज्न सम्वद्ध सरोकारवालाहरुले देखाएको प्रतिवद्धताको सराहना गर्नुभयो । उहाँले आयोजना यस्ता कार्यमा सहयोग गर्न सधैं तयार रहेको बताउनुभयो । कार्यक्रम प्याक्टका वरिष्ठ योजना अधिकृत गणेशकुमार श्रेष्ठले सञ्चालन गर्नुभएको थियो ।

# कृषि विकास मन्त्रालयका सचिवबाट झापा जिल्लाको अनुगमन भ्रमण

२०७२ श्रावण महिनामा कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराई, राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक श्री शेषकान्त गौतम, कृषि विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ डा. प्रद्युम्नराज पाण्डे र सम्बन्धित अन्य निकायका पदाधिकारीहरु सहितको टोलीबाट झापा जिल्लामा निर्माणाधीन शुभ चिया कृषक सहकारी लिमिटेडको चिया कारखानाको अवलोकन भ्रमण सम्पन्न भयो। उक्त अवसरमा कृषि सचिवले चिया कारखाना निर्माणमा कम्तिमा पनि ५०% योगदान सहकारीको हुनुपर्ने, कारखानामा मेसिन जडान गर्दा Turn key basis मा हुनुपर्ने बारेमा निर्देशन दिनुभयो।

यसैगरी सचिवज्यू सहितको टोलीले झापाको विर्तामोडमा चिया अक्सन सेन्टर संचालन तयारी कार्य समूहसँग अन्तरक्रिया गऱ्यो। उक्त अवसरमा चिया उद्योगी उदय चापागाईले ५ देखि ७ वर्षसम्म सरकारले चिया उद्योगलाई संरक्षण गर्नुपर्ने कुरा व्यक्त गर्नु भयो। अर्का चिया उद्योगी चण्डी पराजुलीले सबै चिया उद्योगी र व्यवसायीहरुको तर्फबाट चिया अक्सन कार्यलाई सफल बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो। उक्त अवसरमा कृषि सचिव श्री भट्टराईले चिया अक्सन निर्देशकलाई राष्ट्रिय चिया तथा कफी विकास वोर्डको निर्णय पश्चात् यथाशीघ्र अर्थ मन्त्रालयको सहमतिको लागि पठाउने र चिया उद्योगलाई सम्मानजनक उद्योगको रुपमा स्थायित्व दिन लागि पर्ने धारणा व्यक्त गर्नु भयो। सोही दिन, झापा जिल्लाको दुवागढी-९ स्थित विन्दबासिनी सुपारी प्रशोधन उद्योगको निरिक्षण भ्रमण गर्दै उक्त उद्योगमा विद्यमान समस्याहरुको शीघ्र निराकरणको लागि कृषि विकास मन्त्रालयले पहल गर्ने कुरा व्यक्त गर्नु भयो। सुपारीलाई प्रशोधन गर्दा कुन तरिका उपयुक्त हुन्छ भन्ने बारेमा क्षेत्रीय खाद्य अनुसन्धान कार्यालय, विराटनगरलाई परीक्षण गर्न र उपयुक्त प्रविधि बारेमा व्यवसायीहरुलाई जानकारी दिन निर्देशन दिनु भयो।

यसैवीच, कृषि विकास मन्त्रालयका सचिव सहितको टीलीले निर्माणाधीन अदुवा प्रशोधन कारखानाको दुवागढी, झापामा अवलोकन गरी प्रशोधन मेसिन, प्रयोगशालाको गुणस्तरमा ध्यान दिन निर्देशन दिनु भयो। उक्त कारखाना विश्व व्यापार संगठन (World Trade Organization) को अति कम विकसित मुलुकहरुलाई प्राविधिक सहायता अन्तर्गत Enhanced Integrated Framework (EIF) को सहयोगमा संयुक्त राष्ट्रसंघको लागि खाद्य तथा कृषि संगठन (FAO) ले कार्यान्वयनको जिम्मेवारी लिएको छ भने कृषि विकास मन्त्रालयले प्रमुख संयोजनको कार्य गर्दै आइरहेको छ। उक्त अवसरमा FAO का तर्फबाट डा. बिनोद शाह, अर्जुन थापा र डा. दिपकमणि पोखरेल एवं कृषि विकास मन्त्रालयबाट उक्त आयोजनका Focal Point डा. प्रद्युम्नराज पाण्डेले स्वागत गर्दै हालसम्मको स्थिति वारेमा जानकारी गराउनु भएको थियो।



प्रशोधन गर्ने सुपारीको अवलोकन गर्दै कृषि सचिव


**संरक्षक**
**श्री उत्तम कुमार भट्टराई**
सचिव
कृषि विकास मन्त्रालय, सिंहदरवार

**सम्पादक मण्डल**
**संयोजक**
**डा. सुरोज पोखरेल**
सहसचिव

**सदस्यहरु**

**श्री चक्रपाणी पाण्डे**
उपसचिव

**श्री लाल कुमार श्रेष्ठ**
वरिष्ठ कृषि अर्थ विज्ञ

**डा. प्रद्युम्नराज पाण्डे**
वरिष्ठ कृषि अर्थ विज्ञ

**परशुराम अधिकारी**
वरिष्ठ वाली संरक्षण अधिकृत

**श्री वासुदेव काफ्ले**
वरिष्ठ कृषि अर्थ विज्ञ

**सदस्य सचिव**
**श्री टीकाराम शर्मा**
वरिष्ठ कृषि अर्थ विज्ञ



**कृषि विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
फोन: ४२११८०८, ४२११६६५, ४२११९४०, फ्याक्स: ९७७-१-४२११९३५
इमेल: bulletin@moad.gov.np, वेभसाइट : www.moad.gov.np